nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १३३ पृष्ठ ४ । शुक्रबार ०२ माघ २०८२ । FRIDAY, JANUARY 16, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैया

## पर्साका नेताहरू टिकटका लागि पार्टी चहार्दै, चुनावी लडाइँ फेरि पनि पुरानै अनुहारबीच हुने संकेत




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ माघ ।**

पर्सा जिल्लाका केही 'सदाबहार' नेताहरू यसपटक पनि चुनावी टिकट सुनिश्चित गर्न विभिन्न पार्टीका नेताहरूको घरदैलो धाइरहेका छन् । सिद्धान्तभन्दा पनि जसरी भए पनि चुनाव लड्ने प्रवृत्तिका कारण पर्साको राजनीतिक अवस्था यसपटक कमजोर देखिएको विश्लेषकहरू बताउँछन् ।
नेपाली कांग्रेसभित्र देखिएको विभाजन र वैध-अवैधताको टुंगो नलागेसम्म केही नेताहरू दोहोरो भूमिका निर्वाह गरिरहेको स्रोतको दाबी छ । यसैबीच, नेपाली कम्युनिष्ट पार्टीबाट कारबाहीको सम्भावना देखेपछि राजीनामा दिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका युवा नेता रोहवर अंसारी पर्सा निर्वाचन क्षेत्र नं. १ वा बारा क्षेत्र नं. ४ बाट टिकट पाउने चाहनामा देखिएका छन् । तर पार्टीले औपचारिक कार्यक्रममार्फत उनको प्रवेश गराउन चासो नदेखाएको बताइन्छ । अंसारी स्वयं पार्टीको एपमार्फत रास्वपा प्रवेश गरेका हुन् । उनको राजनीतिक अवस्थाबारे पार्टीभित्रै स्पष्टता नदेखिएको जनाइएको छ । अघिल्लो निर्वाचनमा पराजित भएका अजय द्विवेदी यसपटक पनि पुनः राजनीतिक 'हिरो' बन्ने दाउमा देखिएका छन् । नेपाली कांग्रेसभित्र उनीमाथिको कारबाही फुकुवा भए पनि भित्रभित्रै रास्वपाको सदस्यता लिइसकेको चर्चा चलिरहेको छ । यस्तै, कांग्रेसका अनिल रुगटा पनि पर्सा निर्वाचन क्षेत्र नं. १ बाट प्रत्यक्षतर्फ चुनाव लड्ने तयारीमा देखिएका छन् । उनले सार्वजनिक रूपमा नबताए पनि विभिन्न पार्टीमा टिकटका लागि पहल गरिरहेको स्रोतको दाबी छ । कांग्रेसभित्र शेखर कोइराला पक्षधर मानिएका द्विवेदी नेपाली कांग्रेस वा रास्वपा दुवैबाट टिकट सुनिश्चित गर्न लबिङमा जुटेको बताइन्छ । उनको प्राथमिक रोजाइ पनि क्षेत्र नं. १ नै रहेको छ । यस्तै, 'आफू नेता भए मात्र क्षेत्रको विकास सम्भव हुन्छ' भन्ने दाबी गर्दै आएका सुरेन्द्र चौधरी, रमेश रिजाल, जामिल मियाँलगायत नेताहरू जसरी भए पनि चुनाव लड्ने मनसायमा छन् । पर्सा क्षेत्र नं. १ बाट पूर्वमन्त्री प्रदीप यादवको उम्मेदवारी पनि लगभग निश्चित मानिएको छ । पर्सा निर्वाचन क्षेत्र नं. ४ मा पुराना नेता रमेश रिजाललाई टक्कर दिने नयाँ पुस्ताका बलिया उम्मेदवार नदेखिएको अवस्था छ । क्षेत्र नं. २ बाट पराग सिंहले निर्वाचन लड्ने घोषणा गरिसकेका छन्, तर टिकट अझै सुनिश्चित भएको छैन । रास्वपा पर्सामा टिकटको विषयलाई लिएर दुई समूहबीच रस्साकस्सी सुरु भइसकेको छ ।त्यस्तै, नेपाली कांग्रेसका अजय चौरसिया र राजेन्द्रबहादुर आमात्यको रोजाइ पनि क्षेत्र नं. २ नै रहेको छ । तर पार्टी विभाजनको अवस्थाले उनीहरूको भविष्य अन्योलमा छ । उक्त क्षेत्रमा नयाँ र बलिया युवा उम्मेदवार देखिएका छैनन् । यद्यपि, नेकपाबाट मनोज चौधरी, राप्रपाबाट विना जैसवाललगायतका नाम चर्चामा छन् ।पर्सा क्षेत्र नं. ३ मा यसअघि सुरेन्द्र चौधरीलाई हराएका नेकपा एमालेका नेता राजकुमार गुप्ता हाल कारागारमा छन् ।यसअघिका अधिकांश निर्वाचनमा भाग लिएका नेताहरू यसपटक पनि पुनः उम्मेदवार बन्ने तयारीमा देखिएका छन् । टिकट सीमित र गठबन्धनको सम्भावना बलियो देखिएपछि नेताहरू सिद्धान्त, र जनताको चाहनाभन्दा पनि 'कसरी टिकट पक्का गर्ने' दौडमा सक्रिय भएका छन् ।पर्साका अधिकांश नेताहरूसँग सम्पर्क गर्दा एउटै जवाफ आउने गरेको छ– "अहिले केही फाइनल भएको छैन, यही कामका लागि काठमाडौंमा छु ।" जेन-जी आन्दोलनपछि रास्वपा प्रवेश आकर्षक बने पनि पार्टीले सबै आकांक्षीलाई टिकट दिन नसक्ने स्पष्ट पारिसकेको छ । नेपाली कांग्रेसपछि

बाँकी तेश्रो पृष्ठमा⇨

## स्व.गोपाल गिरी क्रियाशील पत्रकारीता पुरस्कार देवकोटालाई प्रदान



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ माघ ।**

स्व.गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कार वीरगन्जका पत्रकार गोविन्द देवकोटालाई प्रदान गरिएको छ । बिहीबार नेपाल पत्रकार महासंघ पर्साले स्व. गिरीको पुण्य तिथीमा आयोजना गरेको कार्यक्रममा देवकोटलाई ५१ हजार रुपैयाँ राशीको उक्त पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा मधेस प्रदेश सरकारका भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्री श्याम पटेलले ५१ हजार रुपैयाँको चेक र कदरपत्र पत्रकार देवकोटालाई प्रदान गरे । देवकोटा, वीरगन्जबाट प्रशारण हुदैं आएको सामुदायिक रेडियो नारायणी एफएमका कार्यकारी अध्यक्ष र सामुदायिक रेडियो प्रशारक संघका केन्द्रिय बरिष्ठ उपाध्यक्षपनि हुन् । वीरगन्जका पूर्व मेयर तथा नेपाल पत्रकार महासंघ पर्सा शाखाका पूर्व अध्यक्षसमेत रहेका गोपाल गिरीको २०६० साल माघ १ गते तत्कालीन माओवादीले गोली हानी हत्या गरेको थियो । स्व. गिरीको स्मृतिमा नेपाल पत्रकार महासंघ पर्साले स्थापना गरेको स्व. गोपाल गिरी क्रियाशील पत्रकारिता पुरस्कारबाट यसअघि पत्रकारहरु गया यादव, कन्हैयालाल केसरी ओमप्रकाश खनाल , श्याम बन्जारा ,पंकज श्रेष्ठ, बृजलाल पासवान, शत्रुघन नेपाल, ध्रुव साह लगायतका पत्रकारहरु पुरस्कृत भइसकेका छन । नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालको अध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय सचिव अशोक तिवारी, पूर्व केन्द्रिय सचिव दिपेन्द्र चौहान, पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल लगायतकाकोपनि विशेष उपस्थिती थियो ।

## पर्साको सखुवा प्रसौनीमा आयोजित रक्तदान कार्यक्रममा ४५ जनाले गरे रगत दान




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ माघ ।**

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ पचगावा बजारमा बिहीबार आयोजित रक्तदान कार्यत्रक्रममा ले रक्तदान गरेका छन् ।सखुवा प्रसौनी गाउँपालिका कार्यालयको आर्थिक सहयोगमा सृजनशील शिक्षा विकास केन्द्रले गादीमाई पोलियो क्लिनिकको प्राङ्गणमा आयोजना गरेको रक्तदान कार्यक्रममा २ महिलासहित ४५ जनाले रक्तदान गरेका हुन् । रक्तदान गर्नेहरुमा सिकेन्द्र साह, केसराज चौधरी, रन्जित पुरी, सुधिर चौधरी, सम्भु सहनी, बिरेन्द्र महतो थारु, उमेस चौधरी, सन्तोष रौनियार, दिपेन्द्र चौधरी, नवल किशोर महतो, बृजभुषणन दास, राजकिशोर रौनियार, शम्भु साह, मनोज कुर्मी, सन्तोष राम, विश्वजीत यादव लगायतका रहेको आयोजक सृजनशील शिक्षा विकास केन्द्रका अध्यक्ष चिरञ्जीवी यादवले जानकारी दिए । त्यसअघि रक्तदान कार्यक्रमको उद्घाटन गर्दै सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष "रक्तदान जीवनदान" भएको बताउँदै गाउँपालिकाले यस्ता मानवीय र सामाजिक कार्यमा सधैं सहयोग र प्रोत्साहन गरिरहने प्रतिबद्धता व्यक्त गरे । यस्तै गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्जिव यादवलले स्वास्थ्य संस्थाहश्ररुमा उपचारत बिरनामीलाई आवश्यक परेका बेला रगतको अभाव हुन नदिन यस्ता स्थानीय स्तरका कार्यक्रमले निक्कै मदत गर्ने बताए ।आयोजक संस्थाका अध्यक्ष चिरञ्जीवी यादवले सामाजिक उत्तरदायित्व वहन गर्दै संस्थाले शिक्षासँगै स्वास्थ्य क्षेत्रमा पनि काम गरिरहेको र भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

अध्यक्ष यादवकै अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा गाँउपालिकाका प्रशासन शाखा प्रमुख अरविन्द ठाकुर, लेखा शाखा प्रमुख सुमन साह, स्वास्थ्य शाखा प्रमुख राजेश रौनियार,इलाका प्रहरी कार्यालय पटेर्वा सुगोलीका प्रहरी निरीक्षक प्रकाश थापा, वडा नम्बर २ का वडाध्यक्ष चिरञ्जीवी महतो थारु, नेपाल पत्रकार महासंघ पर्सा शाखाका सदस्य एवं शिक्षा पत्रकार समुह पर्साका अध्यक्ष प्रमोद यादव, स्थानीय पत्रकार विनोद यादव लगायतकाको पनि उपस्थिती थियो ।

## माघी महोत्सवमा थारु परिकारमा आकर्षण



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०१ माघ ।**

वीरगन्जका कानुन व्यवसायी अधिवक्ता शालिग्राम प्रसादलाई माघी महोत्सवमा घोंघीका परिकार चाख्ने इच्छा थियो ।
तर बिहीबार उनको यो इच्छा पूरा नभएपछि उनी थकथक गर्दै थिए । 'खै किन हो यस वर्ष महोत्सवमा घोंघीको परिकार नै राखिएको रहेनछ,' उनले भने, 'घोंघीको परिकार बिना त माघी महोत्सव नै खल्लो हुने रहेछ ।' कलाकारमुन्ना सर्राफले पनि त्यस्तै गुनासो गरे । ' माघी महोत्सवमा मात्र हामीलेप्रायः वीरगन्जमा घोंघीको परिकार चाख्न पाउने हो,' उनले भने, 'तर यस वर्ष त्यो अवसरबाट बञ्चित भइयो ।' वीरगन्जमा माघी महोत्सव मूल समारोह समितिद्वारा आयोजित माघी महोत्सवमा विभिन्न थारु परिकारको स्वाद चाख्न आउनेहरुमा अन्य समुदायका व्यक्ति बढी थिए । 'मलाई यो पर्वको वर्षभरी प्रतीक्षा हुन्छ,' स्थानीय विश्वराज गौतम भन्छन्, 'यहाँ थारु परिकार चाख्न मात्र होइन, थारुकला र संस्कृतिलाई पनि नजिकबाट नियाल्ने अवसर पाइन्छ ।' माघे सङ्क्रान्तिको अवसरमा वीरगन्जमा बिहीबार खिचडी तथा वीरगन्जस्थित स्विमिङ पुल परिसरमा आयोजित माघी महोत्सव आयोजना गरिएको हो । महोत्सवमा केकरा, माछा, परेवा, हाँसका विभिन्न परिकारले राखिएको छ । माघी महोत्सवमा विभिन्न विद्यालयका विद्यार्थीले थारु नृत्य तथा कला संस्कृति प्रस्तुत पनि गरेका छन् । स्थानीय सरोज चौधरीले दशकयता जिल्लामा माघी महोत्सव मनाउन थालिएको बताए । 'सुरुमा हामीले वीरगन्जमा माघी महोत्सव आयोजना गर्यौं,' उनले भने, 'बिस्तारै ग्रामीण भेगमा पनि थारु बहुल क्षेत्रमा माघी महोत्सव मनाउन थालियो ।' वीरगन्ज मात्र नभई जिल्लाको ग्रामीण भेगमा पनि माघी महोत्सव आयोजना गरिएको छ ।
थारु अगुवा तथा अभियन्ता प्रकाश थारुले यस वर्ष भारतबाट भित्रिन लागेको घोंघी सीमाबाट प्रहरीले भित्रिन नदिएपछि वीरगन्जमा अभाव हुन गएको बताए । थारुसंस्कृति, भाषा, साहित्य, पहिचानको प्रवर्द्धन गर्न माघी महोत्सवले सकारात्मक योगदान गर्दै आएको उनले बताए । महोत्सवले एकै थलोमा भेला भएर थारु सम्वत् २६५० को शुभकामना आदानप्रदान गर्ने र भातृत्वको सम्बन्ध बिस्तार गर्न पनि भूमिका खेल्ने गरेको बताए । उनले केही वर्षयता थारु मात्र नभई अन्य समुदाय पनि माघी महोत्सवमा सहभागी हुन थालेकाले यो पर्व समावेशी बन्दै गएको बताए ।

## वीरगन्जको गहवामाई मन्दिर प्रांगणमा हिन्दु स्वयंसेवक संघद्वारा "समरसता उत्सव" आयोजना

**बीरगन्ज,०१ माघ ।**

मकर संक्रान्ति पर्वका दिन वीरगन्जको गहवामाई मन्दिरको प्रांगणमा बिहीबार हिन्दु स्वयंसेवक संघ नेपालद्धारा 'समरसता उत्सव' भव्य रूपमा सम्पन्न भएको छ । समाजमा समता, ममता र समरसताको सन्देश फैलाउने उद्देश्यका साथ आयोजित 'समरसता उत्सव' को शुभारम्भ विश्व हिन्दु परिषद नेपालका विशिष्ट व्यक्तित्वहरूले दीप प्रज्वलन गरेर गरेका थिए । 'संगठित हिन्दु, समर्थ नेपाल' भन्ने मूल नाराका साथ आयोजित उक्त कार्यक्रमको उदेश्य धार्मिक, सांस्कृतिक तथा सामाजिक एकताको प्रवर्द्धन गर्नुका साथै आपसी भाइचारा, सद्भाव र समभावलाई थप मजबुत बनाउने पनि रहेको विश्व हिन्दु परिषद नेपाल पर्साका सचिव दिपेन्द्र सर्फले जानकारी दिए । समरसता उत्सवमा महाप्रसाद का रुपमा खिचडी कार्यक्रममा सहभागी सबैले एकै स्थानमा बसेर ग्रहणपनि गर्दै आपसी आत्मीयता प्रकट गरेका थिए ।कार्यक्रममा विश्व हिन्दु परिषद नेपालका सदस्यहरूद्वारा परेड, धार्मिक अनुष्ठान, सामूहिक सहभागिता, सांस्कृतिक झल्को तथा समरसताको सन्देशमूलक विभिन्न गतिविधिहरू प्रस्तुत गरिएको थियो ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## शैक्षिक क्षेत्रमा शान्ति

शैक्षिक क्षेत्र अशान्त हुँदा त्यसको तत्कालीन मात्र होइन, दीर्घकालीन असरसमेत पर्ने छ । एक दिन विद्यालय बन्द हुँदा भविष्यका कर्णधार विद्यार्थीको अध्ययन गर्ने मनस्थितिमै प्रतिकूल असर पर्छ । मनोवैज्ञानिक असर पर्छ । बन्द, हडताल र अराजकताको लामो शृङ्खलाबाट देशको शैक्षिक जगत् पीडित छ तर यताका वर्षमा बन्द, हडताल र अराजकतामा न्यूनीकरण हुँदै गएको थियो । खास गरी एक दशकअघि संविधान निर्माण भएपछि बन्द, हडताल र अराजकतामा न्यूनीकरण हुँदै गएको हो । फेरि अराजकताका घटना देखिन थालेका छन् । मङ्गलबार कतिपय विद्यालय सञ्चालन हुन सकेनन् । कसले के माग राखेर विद्यालय बन्द गरिएको हो भन्ने राम्रो जानकारी पनि नपाइ विद्यालय बन्द भए । आगामी फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनसमेतलाई असर पार्ने गरी बन्न आह्वान गरिएको हुन सक्ने कतिपयको भनाइ छ । विद्यालय मात्र होइन, देशकै उच्च शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालय फेरि आन्दोलनको मारमा पर्न थालेको छ । केही समय मत्थर बनेको त्रिभुवन विश्वविद्यालय फेरि विद्यार्थी आन्दोलनको मारमा परेको भन्दै विद्यार्थी चिन्तित छन् । त्यसबाट शैक्षिक कार्यक्रम प्रभावित हुने जोखिम बढेको छ । विश्वविद्यालयमा ताला नलगाउन विगतमा सर्वोच्च अदालतले नै आदेश दिएको थियो । आदेशको समेत उल्लङ्घन गर्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निकट अखिल क्रान्तिकारीले विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल, शिक्षाध्यक्ष प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदार रिजालको कार्यकक्षमा ताला लगाएका छन् । त्रिभुवन विश्वविद्यालयमा ताला लगाएको पनि धेरै दिन भइसक्यो । गएको पुस १९ गतेदेखि ताला लगाइएको रहेछ । तालाका कारण विश्वविद्यालयको शैक्षिक गतिविधिमा असर परिरहेको छ । त्यसै गरी प्रशासनिक तथा आर्थिक गतिविधिसमेत प्रभावित भएको छ । तालाका कारण विश्वविद्यालयका उच्च शैक्षिक नेतृत्व कार्यकक्षमा समेत प्रवेश गर्न पाएका छैनन् । कतिपय पदाधिकारी विश्वविद्यालय अन्तर्गतकै अन्य निकायका कार्यालयमा बसेर सामान्य दैनिक प्रशासनिक काम चलाइरहेको पाइएको छ । विश्वविद्यालयमा ताला लगाउने परिघटना विगतमा पनि नभएको होइन । गत जेठ १४ गते पनि तीन वटै पदाधिकारीको कार्यकक्षमा ताला लगाएको थियो । यसविरुद्ध मुद्दा परेपछि सर्वोच्च अदालतले असार १८ गते ताला खोल्न आदेश दिएको थियो । सोही आदेशका आधारमा ताला खुलेको थियो । ताला खोल्ने त्यो आदेश त्यसबेलाको न्याय निरूपण मात्र होइन, विश्वविद्यालयमा बल प्रयोग नगरी समाधान खोज्नुपर्ने सन्देशसमेत हो । विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थामा पटक पटक तालाबन्दी हुनु राम्रो होइन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा त्यसको राम्रो सन्देश जाँदैन । अझ बढी विद्यार्थी पलायन हुने जोखिम बढ्छ । त्रिवि अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको विभागमा रूपान्तरण गरिएको अन्तर्राष्ट्रिय सम्बन्ध विभाग, शान्ति, द्वन्द्व र विकास विभाग, लैङ्गिक अध्ययन विभाग र सामाजिक कार्य विभागले शुल्क घटाउने विषयमा अहिलेको समस्या आएको रहेछ । यो समस्या संवादबाट तत्काल समाधान गर्नु पर्छ । हरेक समस्याको शान्तिपूर्ण समाधान लोकतन्त्रको सुन्दर पक्ष हो । देशभित्र शिक्षा र रोजगारीको अवसर अभाव भएका कारण ठुलो सङ्ख्यामा देश बाहिर जाने क्रम बढिरहेको छ । शिक्षाका निम्ति अस्ट्रेलिया, अमेरिका, क्यानडालगायतका मुलुक जाने क्रम बढ्दो छ । यसबाट तीक्ष्ण जनशक्ति बाहिर अध्ययन गर्न गई उतै बस्न थालेबाट देशलाई दीर्घकालीन असर परेको छ । शिक्षाका निम्ति ठुलो धनराशि बाहिरिरहेको छ । ज्ञान उत्पादन र विद्यार्थीको भविष्य निर्माण हुने जस्तो संवेदनशील संस्थामा शान्तिपूर्ण गतिविधि मात्र मान्य हुनु पर्छ । बन्द, हडताल, तालाबन्दी मान्य हुन सक्दैन । विद्यार्थीका सङ्घसंस्थाले विद्यार्थीकै हितमा काम गरेको हो भने पनि बन्द, हडताल आदि नगरी शान्तिपूर्ण तवरबाट समस्याको समाधान खोज्नु पर्छ । तालाबन्दी गरी सम्पूर्ण शैक्षिक तथा प्रशासनिक गतिविधि ठप्प पारेर त शैक्षिक संस्थाको अध्ययन अध्यापनको वातावरण नै बिग्रन्छ । कुनै पनि समस्याको दिगो समाधान आउन सक्दैन । संवाद गरेर दिगो समाधान खोज्नु पर्छ । शैक्षिक क्षेत्रको अराजकता देशको निर्वाचन हुन नदिने षड्यन्त्रको आरम्भ पनि हुन सक्छ । निर्वाचन नै मुलुकको राजनीतिक निकासको मूल मार्ग हो । नवपुस्ता अर्थात् जेनजी विद्रोहपछि तत्कालीन सरकार विघटन भयो । अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारले निर्वाचनको सम्पूर्ण तयारी गर्दै सुनिश्चिततातर्फ अगाडि बढेका बेला शैक्षिक क्षेत्रमा अन्योल ल्याई वातावरण बिगार्ने काम मान्य हुँदैन ।

# समानुपातिकमा पेशाकर्मीको लहर



**सचिन घिमिरे**

झन्डै चौबीस सय वर्षअघि ग्रिक दार्शनिक प्लेटोले आफ्नो चर्चित कृति 'रिपब्लिका' मा न्यायिक मन भएको मानिसले आदर्श (सहर) समाज निर्माणका लागि गर्ने न्यायिक कर्महरू दार्शनिक दृष्टिकोणले निर्देशित हुनुपर्छ भन्ने आशय प्रकट गरेका थिए । सुकरातका चेला प्लेटोले शासन गर्ने अभिलाषा राख्ने मानिस वा दार्शनिकको (राजा) नेतृवको सन्दर्भ आफ्नो पुस्तकमा चर्चा गरे । त्यसमा उनले दार्शनिक रुझानका साथ गरिएको न्यायिक कर्मले नै दुनियाँको सर्वोत्कृष्ट आनन्द प्राप्त हुन्छ भन्ने वाक्यमाथि व्याख्या गरेका थिए । वर्तमान नेपालको राजनीतिक परिदृश्यमा दार्शनिक प्लेटोको व्याख्याअनुरूप समाजका लागि सकारात्मक न्यायिक कर्मको योगदानले सुखानुभूति गर्न चाहने न्यायिक आत्मा दुर्लभ हुँदै गएका छन् । प्लेटोका अनुसार, व्यक्तिगत रूपमा गरिने न्यायिक कार्यहरू नै अन्ततोगत्वा सामाजिक र राजनीतिक न्यायमा परिणत हुन्छ । तसर्थ, न्यायिक कर्महरूद्वारा समाजमा उज्यालो छर्न सक्ने मानिसलाई मात्रै हजारौं वर्षसम्म समाजले प्रशंसा गरिरहन्छ । यसविपरीत प्लेटोका अनुसार, सदाचारलाई तिलाञ्जली दिँदै अन्यायपूर्ण कर्महरूले समाज दुःखी तुल्याउनेहरू त्यति नै वर्षसम्म दण्डको भागीदार भइरहन्छन् ।

दिनप्रतिदिन अवैचारिक, असैद्धान्तिक र अनैतिक हुँदै गइरहेको नेपाली राजनीतिक परिदृश्यमा दार्शनिक प्लेटोले उठान गरेका न्यायिक कर्म र आदर्श-समाजको सन्दर्भ राजनीतिमा सत्ता आरोहण गर्न फगत एक समीकरण मात्रै बनाइरहेका पात्रहरूलाई हास्यास्पद लाग्न सक्छ । यद्यपि, जस्तोसुकै विषम परिस्थितिमा पनि न्यायिक मूल्यहरूमा विश्वास गर्ने न्यायिक मानिसले राजनीतिमा आदर्श र सदाचारको महत्त्वलाई सशक्त रूपले पुनर्ताजगी गरिरहनु एक सचेत नागरिक उत्तरदायित्व हो ।

हालसालै सार्वजनिक वृत्तमा बहसका रूपमा तैरिएको समानुपातिक प्रतिनिधित्वको सवाललाई दृष्टान्त मान्दै न्यायिक मनले गरिने राजनीतिक सदाचारका अभ्यास प्लेटोले अर्थ्याएझैं आदर्श समाज निर्माणका लागि कुन हदसम्म जिम्मेवार हुन्छन् भन्ने विषयमा यो आलेख केन्द्रित छ । **सामाजिक तत्त्वमीमांसाको खडेरी** दर्शनको फाँटमा सामाजिक तत्त्वमीमांसाको अवधारणाले समाजको संरचनागत चरित्र, विद्यमान अन्तरविरोधहरू र सामाजिक संसारलाई गहनसँग मनन गरेर मात्रै समाज रूपान्तरण-खातिर न्यायिक निर्णय गरिनुपर्ने दार्शनिक रुझानमा जोड दिन्छ । सामाजिक तत्त्वमीमांसाको ज्ञानबिना र राजनीतिक निर्णय गर्नु समाजलाई दुखानुभूति गराउने अन्यायिक कर्महरू हुन् । नेपाली सन्दर्भमा पहिलो र दोस्रो संविधानसभा निर्वाचनताका समानुपातिक प्रतिनिधित्वको सवालमा यथेष्ट बहस भएको यथार्थ जगजाहेर नै छ । यद्यपि, विचारले भन्दा अनुहारको चमकले, राजनीतिक रुझानले भन्दा सामाजिक सञ्जालको उफानले आमजनमानसको वैचारिकी र काल्पनिकी प्रभावित हुँदै गएको छ । स्रोत र शक्ति बाँडफाँटका लागि समतामूलक तरिकाले गरिनुपर्ने हरेक राजनीतिक निर्णय निरन्तर स्वार्थसमूहको कब्जामा फस्दै गएपछि समानुपातिक प्रणालीभित्रको गहन दार्शनिक मर्ममाथि फेरि एक पटक घनिभूत सार्वजनिक बहस गर्नुपर्ने बेला आएको छ । सैद्धान्तिक रूपमा समानुपातिक प्रतिनिधित्वको प्रणाली वर्गीय, जातीय, लैंगिक, क्षेत्रीय र अन्य संरचनागत उत्पीडनको सवाललाई समतामूलक दृष्टिकोणले प्रतिनिधित्व गराउनुका लागि नै हो । तर, व्यवहारमा भने नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक र संरचनागत असमानताको न्यूनतम तत्त्वबोध पनि नभई समानुपातिक प्रतिनिधित्वको सवाललाई ठाडै तिलाञ्जली दिइएको छ । यो पहिलो अवस्था सरासर कर्ताहरूको अज्ञानताले सिर्जना हुन्छ । वैकल्पिक र नवीन राजनीतिका हिमायतीहरूले समेत जम्माजम्मी एक तिहाइ जिल्लाका मानिसहरू मात्रै समानुपातिक बन्दसूचीमा पार्नु र क्षेत्रीय उत्पीडनको सवालसमेत उपेक्षित गर्नु समानुपातिक प्रणालीलाई हेर्ने दार्शनिक रुझानकै अभाव हो ।

सामाजिक तत्त्वमीमांसाको ज्ञान नै नहुनु एउटा पाटो, अर्कोतर्फ पार्टीका कार्यकर्ताले दाबा गरेअनुरूप समानुपातिकको बन्दसूचीहरू आफैंमा निर्दोष प्रेमीहरूले प्रेमिकाहरूको हृदय जित्न लेखिएको इमानदार प्रेमपत्रहरू भने अवश्य होइन । राजनीतिमा शक्ति एक यस्तो प्राधिकार हो, जसको प्रयोगले समाजमा विद्यमान स्रोतको उपभोगको अधिकार कसले मौका पाउने, कसले नपाउने भन्ने अवस्थाको तय गर्छ । दोस्रो अवस्थामा, तरमारा वर्गबाट आएका स्वार्थ समूहको निहित उद्देश्य पूरा गर्न आफूसँग भएको शक्तिको दुरुपयोग गरी राजनीतिक खेलाडीले जानीबुझीकन अन्यायिक निर्णय गर्छन् । यसर्थ, समानुपातिक बन्दसूची उपयोगितावादी र व्यवहारवादी राजनीतिको उपजका रूपमा तयार हुन्छ । त्यसैले कसको नाम किन पर्छ भन्ने थुप्रै कारणमध्ये पार्टी चलाउने चन्दादाता, व्यापारिक घरानाका साहुजी र नेतृत्वलाई अप्ठेरो पर्दा भित्रभित्रै सक्रिय उद्धारकर्ताहरू नै प्राथमिकताको सूचीमा पर्छन् ।

बाँकी तेश्रो पृष्ठमा

# जेन-जीहरूको राजनीतिक विचलन

**सुस्मिता क्षेत्री**

नेपाली राजनीतिको इतिहासमा भदौ २३/२४ को आन्दोलन केवल क्यालेन्डरको कुनै सामान्य मिति वा सडकको भीड थिएन । त्यो त दशकौंदेखि गुम्सिएको कुण्ठा, कुशासनको पिँजडा र राजनीतिक सिन्डिकेटको पर्खाल भत्काउन निस्किएको ज्वालामुखी थियो । त्यो विद्रोह नेपाली राजनीतिको दुश्चक्र तोड्ने, असक्षम-भ्रष्ट नेतृत्वलाई कठघरामा उभ्याउने र सत्ताको बागडोर साँचो अर्थमा नयाँ पुस्तालाई सुम्पिने एउटा ऐतिहासिक महाअभियान थियो ।

तर, इतिहास निर्माण गर्ने त्यो स्वर्णिम अवसरको डिलमा उभिएर आज पछाडि फर्किंदा जुन दृश्य देखिंदै छ- त्यो निकै पीडादायी, विडम्बनापूर्ण र हृदयविदारक छ ।

एक सचेत नागरिक र परिवर्तनको अग्रदूत मानिएको जेन-जीको आँखाबाट नियाल्दा आज हामी गम्भीर प्रश्नको घेरामा उभिएका छौं, आखिर हामी कहां चुक्यौं ? यो प्रश्न केवल राजनीतिक होइन, यो नैतिक र अस्तित्व रक्षाको हो । यो आन्दोलनको सबैभन्दा ठूलो सौन्दर्य र शक्ति यसको स्वतःस्फूर्तता थियो । कुनै दलको ह्विपबिनै, कुनै नेताको आदेशबिनै सडकमा ओर्लिएको त्यो जनसागर आफैंमा एक विस्मयकारी परिघटना थियो । तर, कालान्तरमा त्यही शक्ति नै हाम्रो सबैभन्दा ठूलो कमजोरी सावित भयो । आन्दोलनको राप र ताप सेलाउन नपाउँदै जेन-जी जसरी विभिन्न गुट, उपगुट र स्वार्थ-समूहमा विभाजित भए, त्यो नै हाम्रो रणनीतिक पराजयको प्रस्थानबिन्दु बन्यो ।

निःसन्देह, कुनै एक संगठित संरचनाले नेतृत्व नगरेको आन्दोलनमा विचारको विविधता हुनु र फरक-फरक स्थानमा उभिनु अस्वाभाविक होइन । लोकतन्त्रमा मतभिन्नता स्विकार्य हुन्छ । सुरुवाती चरणमा साझा स्वार्थका मुद्दामा देखिएको अभूतपूर्व एकताले जुन आशा जगाएको थियो, त्यसलाई हामीले संस्थागत गर्न सकेनौं । जब नेतृत्व लिने र आन्दोलनलाई निकास दिने समय आयो, तब वैचारिक स्पष्टताभन्दा व्यक्तिगत महत्त्वाकांक्षाको लडाइँ सुरु भयो । साझा एजेन्डामा सामूहिक सौदाबाजी गर्नुको सट्टा, आ-आफ्नो डम्फु बजाउँदै हिँड्दा आन्दोलनको मूल मर्ममाथि नै प्रहार भयो । हामीले बिर्सियौं कि भीड जतिसुकै ठूलो भए पनि त्यसलाई सही दिशा दिने कम्पास भएन भने त्यो भीड केवल अराजकतामा परिणत हुन्छ । सबैभन्दा उदेकलाग्दो र दुःखद पक्ष त तब सतहमा आयो, जब आफूलाई जेन-जीका स्वघोषित मसिहा ठान्ने पात्रले नै विकल्पहीन बाटो रोजे । हिजो सडकमा घाँटी सुक्ने गरी जुन दल, जुन प्रवृत्ति र जुन नेताहरूको विरुद्धमा रगत उम्लिने नारा लगाइएको थियो, आज तिनै दलको दैलोमा केन्द्रीय सदस्यको पद थाप्न र चुनावी टिकटको दौडमा लामबद्ध हुन हाम्रा साथीहरूलाई कुनै संकोच लागेन । व्यवस्था बदल्न निस्केकाहरू अवस्था बदल्न नपाउँदै पदको 'बार्गेनिङ'मा लिप्त हुनु भनेको आन्दोलनको भावनामाथि गरिएको भद्दा मजाक हो । यो प्रवृत्तिले समाजमा एउटा गम्भीर प्रश्न उब्जाएको छ- के विद्रोहको उद्देश्य पुराना र चाउरी परेका अनुहारको भीडमा केही नयाँ र चिल्ला अनुहार थप्नु मात्रै थियो ? के हामीले लडेको लडाइँ केवल कुर्सी साटासाटका लागि थियो ? जब क्रान्तिकारी भनिनेहरू नै यथास्थितिवादीको मतियार बन्छन्, तब विश्वासको संकट गहिरो भएर जान्छ । वैकल्पिक र नयाँ भनिएका दलहरूले जेन-जीका नाममा जसरी अवसरको वितरण गरे- त्यो झनै विभेदकारी, अन्यायपूर्ण र सामन्ती सोचबाट ग्रसित देखियो । यहाँ जेन-जीको परिभाषालाई नै संकुचित बनाइयो । नयाँ दलहरूको व्यवहार हेर्दा लाग्छ, उनीहरूको नजरमा जेन-जी आरक्षण वा अवसर भनेको केवल सम्भ्रान्त वर्गका लागि सुरक्षित कोटा हो । के नेपालमा राजनीति गर्न, नेतृत्व लिन र देश बनाउन विदेशी विश्वविद्यालयको महँगो डिग्री र बलियो पुर्ख्यौली सम्पत्ति नै अन्तिम योग्यता हो ? समान पहुँच, समानता र भ्रष्टाचार अन्त्यका लागि दूरदराजका गाउँ-बस्तीबाट आएका, धूलो-मैलोमा हुर्किएका र सडक संघर्षमा प्रहरीको लाठी खाएका भुइँमान्छेका छोराछोरीलाई किनारा लगाउने काम भयो । जसरी सुकिला-मुकिला, अंग्रेजी फरर बोल्ने र पहुँचवालालाई काखी च्याप्ने काम भयो, यसले नयाँ दलहरूको नियतमाथि गम्भीर प्रश्न खडा गरेको छ । यो प्रवृत्तिले सामाजिक न्यायको धज्जी मात्रै उडाएको छैन, राजनीतिलाई पुनः हुनेखाने वर्गको निजी बिर्ता बनाउने चेष्टा गरेको छ । के गरिब, मजदुर र किसानका छोराछोरीले सधैं सडकमा टायर मात्रै बाल्नुपर्ने ? अनि सत्ताको तरमार्न चाहिँ डिग्रीधारी सम्भ्रान्तहरू मात्रै आउनुपर्ने ? यो कस्तो नयाँ राजनीति हो ? आजको यो स्वार्थप्रेरित लुछाचुँडी र पदको लोभ देख्दा ती महान् सहिदप्रति गहिरो आत्मग्लानि हुन्छ, जो परिवर्तनको सपना आँखामा सजाएर सदाका लागि अस्ताए । हामी, जो बाँचेका छौं- आज ऐनामा आफ्नै अनुहार हेर्दा आफैंलाई प्रश्न गर्न बाध्य छौं, के साथीहरूले यसैका लागि आफ्नो अमूल्य जीवन आहुति दिएका थिए ? सडकमा रगत बगाउने, अंगभंग हुने र जेलनेल भोग्ने वास्तविक योद्धाहरू आज पनि सडकमै अलपत्र छन् । उनीहरूको घाउमा मल्हम लगाउनु त परको कुरा, तिनलाई चिन्ने पनि कोही छैन । तर, तिनै सहिदको रगत र घाइतेको पसिनालाई भऱ्याङ बनाएर आन्दोलनको क्रेडिट लिँदै पदमा पुग्नेहरूले एक पटक पछाडि फर्केर हेर्ने कष्टसमेत गरेनन् । कतिपय अवस्थामा त एकान्तमा सोच्दा यस्तो लाग्छ, बेकारमा बाँचेछौं, बेकारमा सडकमा गएछौं । यो केवल एक व्यक्तिको हतासा होइन, हजारौं युवाको सामूहिक नैराश्यता हो । केन्द्रीय समितिमा आफ्नो नाम चढाउँदै गर्दा सडकका वास्तविक योद्धाहरूको चुलो बल्यो कि बलेन ? यो हेक्का कुनै पनि नयाँ नेतालाई

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाद्वारा ७५ देशका नागरिकका लागि आप्रवासी भिसामा अस्थाई रोक



***काठमाडौं, ०१ माघ ।***

संयुक्त राज्य अमेरिकाले सार्वजनिक कल्याण र लाभको सम्भावित दुरुपयोगको चिन्तालाई उद्धृत गर्दै ७५ वटा देशका नागरिकहरूलाई आप्रवासी भिसा जारी गर्नमा अस्थाई रोक लगाउने घोषणा गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा अमेरिकी विदेश विभागले यो निर्णय गरेको उल्लेख गर्दै विज्ञप्ति जारी गरेको छ, जसमा अमेरिकामा आप्रवासीहरू आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्ने र अमेरिकी करदाताहरू माथि बोझ बन्न नहुने विषय उल्लेख छ । सार्वजनिक लाभ प्रयोगको उच्च जोखिममा रहेका राष्ट्रहरूका लागि आप्रवासी भिसा प्रशोधन अन्तिम पटक सन् २०२६ जनवरी १४ मा अद्यावधिक गरी जनवरी- २१, देखि लागू हुने जनाइएको छ । राष्ट्रपति ट्रम्पले आप्रवासीहरू आर्थिक रूपमा आत्मनिर्भर हुनुपर्ने र अमेरिकीहरूका लागि आर्थिक बोझ हुन नहुने स्पष्ट पार्नु भएको छ भने विदेश विभागले विद्यमान नीति नियमहरू र मार्गदर्शनको पूर्ण समीक्षा भइरहेको जनाएको छ ।
नयाँ निर्देशन अन्तर्गत पाकिस्तान, अफगानिस्तान, बंगलादेश, इरान, इराक, नाइजेरिया, रुस, सोमालिया, सुडान, सिरिया र यमन लगायत सूचीबद्ध देशहरूबाट आप्रवासी भिसा आवेदकहरूले आवेदन पेस गर्न र निर्धारित भिसा अन्तर्वार्तामा भाग लिन सक्छन् ।

यद्यपि, रोकको समयमा यी देशका नागरिकहरूलाई कुनै आप्रवासी भिसा जारी नगरिने जनाउदै विदेश विभागले यस कदमले पहिले जारी गरिएको कुनै पनि आप्रवासी भिसा रद्द नगर्ने स्पष्ट पारेको छ । विशेष गरी, यो प्रतिबन्ध आप्रवासी भिसाहरूमा मात्र लागू हुने भएकाले पर्यटक तथा व्यापार भिसासहित गैर आप्रवासी भिसाहरूलाई यसले असर नगर्ने बताइएको छ । सार्वजनिक शुल्क एक अमेरिकी आप्रवासन मानक हो जसको गैर-नागरिकहरु सरकारी सुविधाहरूमा निर्भर हुने सम्भावना छ कि छैन भनेर मूल्याङ्कन गर्न प्रयोग गरिन्छ भने यसले ग्रीन कार्ड योग्यतालाई असर गर्छ । फक्स न्यूजले सन् २०२५ नोभेम्बरमा विदेश विभागले आप्रवासन कानूनको "सार्वजनिक शुल्क" प्रावधान अन्तर्गत विस्तारित नियमहरू लागू गर्न कन्सुलर अधिकारीहरूलाई निर्देशन दिएको रिपोर्ट गरेको थियो । निर्देशनले अधिकारीहरूलाई स्वास्थ्य, उमेर, अङ्ग्रेजी भाषा, वित्त, र दीर्घकालीन चिकित्सा हेरचाहको सम्भावित आवश्यकता जस्ता कारकहरूलाई ध्यानमा राख्दै सार्वजनिक सुविधाहरूमा भर पर्न सक्ने आवेदकहरूलाई भिसा अस्वीकार गर्न निर्देशन दिएको छ ।
यो कदम ट्रम्प प्रशासनको आप्रवासन विरोधी दृष्टिकोणसँग पनि मेल खाएको जनाइएको छ ।

## ग्रिनल्यान्डमा नाटो तैनाथीप्रति रुसको गम्भीर चिन्ता



***काठमाडौं, ०१ माघ ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कब्जा गर्ने चेतावनी दिँदै आएका खनिज-सम्पन्न आर्कटिक टापु ग्रिनल्यान्डमा नाटो सेनाको उपस्थितिप्रति रुसले गम्भीर चिन्ता व्यक्त गरेको छ । नाटो सदस्य मुलुकहरूको हालैको तैनाथीले आर्कटिक क्षेत्रमा सुरक्षा सन्तुलन थप जटिल बनाउने मस्कोको धारणा रहेको छ । फ्रान्स, स्विडेन, जर्मनी र नर्वेले बुधबार संयुक्त रूपमा घोषणा गर्दै ग्रिनल्यान्डको राजधानी नुकमा जासुसी तथा अनुगमन मिसनको हिस्साका रूपमा आफ्ना सैन्य कर्मचारीहरू तैनाथ गर्ने जानकारी दिएका थिए । वासिङ्टनमा अमेरिका, डेनमार्क र ग्रिनल्यान्डका अधिकारीहरूबीच भएको बैठकले राष्ट्रपति ट्रम्पको ग्रिनल्यान्ड नियन्त्रण गर्ने महत्त्वाकांक्षालाई रोक्न असफल भएपछि यो घोषणा आएको हो ।
राष्ट्रपति ट्रम्पले ग्रिनल्यान्ड अमेरिकी सुरक्षाका लागि अत्यन्तै महत्त्वपूर्ण रहेको दाबी गर्दै आएका छन् । उनले वासिङ्टनले टापु आफ्नो नियन्त्रणमा नलिए 'चीन वा रुसले कब्जा गर्ने' चेतावनीसमेत दिँदै आएका छन् ।
बेल्जियमस्थित रूसी दूतावासले बुधबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ, "उच्च अक्षांश क्षेत्रमा देखापरेको अवस्था हाम्रो लागि गम्भीर चिन्ताको विषय बनेको छ ।" दूतावासका अनुसार नाटोले 'मस्को र बेइजिङबाट बढ्दो खतरा' भन्ने झूटो बहानामा आर्कटिक क्षेत्रमा आफ्नो सैन्य उपस्थिति विस्तार गरिरहेको छ । बेल्जियममा नाटोको मुख्यालय अवस्थित छ ।
हालसम्म रूसी विदेश मन्त्रालय वा क्रेमलिनले ग्रिनल्यान्डमा भएको पछिल्लो सैन्य तैनाथीबारे प्रत्यक्ष टिप्पणी गरेका छैनन् । मन्त्रालयका वक्तव्यहरू व्यक्तिगत दूतावासका भनाइभन्दा बढी आधिकारिक मानिन्छन् । पछिल्ला वर्षहरूमा नाटो र रुस दुवैले आर्कटिक क्षेत्रमा आफ्नो सैन्य गतिविधि र उपस्थिति उल्लेखनीय रूपमा बढाएका छन् । समुद्री बरफ पग्लिँदै जाँदा आर्कटिक क्षेत्र अन्तर्राष्ट्रिय ढुवानी मार्ग तथा खनिज उत्खननका लागि खुल्दै गएको छ, जसका कारण रणनीतिक प्रतिस्पर्धा तीव्र बन्दै गएको विश्लेषकहरू बताउँछन् । राष्ट्रपति ट्रम्पका अभिव्यक्तिहरूले दोस्रो विश्वयुद्धयता पश्चिमी सुरक्षाको मेरुदण्ड मानिँदै आएको नाटो गठबन्धनभित्र अभूतपूर्व तनाव सिर्जना गरेको रूसी दूतावासको टिप्पणी छ । दूतावासका अनुसार ग्रिनल्यान्डको विषयलाई लिएर गठबन्धनभित्र देखिएको आन्तरिक असहमतिले निर्णय प्रक्रियालाई 'झनै अप्रत्याशित' बनाउँदै लगेको छ ।

## जासुसी आरोपमा बेलायती कूटनीतिज्ञ निष्कासित

***काठमाडौं, ०१ माघ ।***

रुसी अधिकारीहरूले जासुसी गरेको आरोप लगाउँदै बिहीबार मस्कोस्थित बेलायती दूतावासका एक कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएका छन् । यस कदमले रुस र बेलायतबीच पहिल्यै तनावग्रस्त सम्बन्धलाई थप चिस्याएको छ ।रुसको सङ्घीय सुरक्षा सेवा एफएसबीले दूतावासकाती कर्मचारीमाथि बेलायती गुप्तचर सेवाका लागि काम गरेको आरोप लगाएको छ । तर एफएसबीले आरोप पुष्टि गर्ने कुनै ठोस प्रमाण सार्वजनिक गरेको छैन । रुसको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उक्त कूटनीतिज्ञको मान्यता रद्द गरिएको र उनले अब दुई हप्ताभित्र देश छोड्नुपर्ने जनाएको छ । यस निर्णयबारे जानकारी दिन मन्त्रालयले रुसमा बेलायतका चार्ज डी'एफेयर्स डाने ढोलकियालाई मस्कोस्थित मुख्यालयमा बोलाएको थियो । विदेश मन्त्रालयको वक्तव्यमा भनिएको छ, "रुसमा अघोषित बेलायती गुप्तचर अधिकारीहरूको गतिविधिलाई मस्कोले कदापि सहन सक्तैन ।" साथै, यस विषयमा लन्डनबाट गरिने कुनै पनि कारबाहीको उपयुक्त जवाफ दिने चेतावनी पनि दिइएको छ ।

यस घटनाप्रति बेलायती सरकारबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन । सन् २०२२ को फेब्रुअरीमा क्रेमलिनले युक्रेनमा सैन्य कारबाही सुरु गरेपछि रुस र नाटो सदस्य राष्ट्रहरूबीचको सम्बन्ध शीतयुद्धपछिकै सबैभन्दा तल्लो तहमा पुगेको छ । त्यसयता दुवै पक्षले कूटनीतिज्ञहरूको आपसी निष्कासनका थुप्रै चरणहरू पार गरिसकेका छन् ।

### समानुपातिकमा........

यस अतिरिक्त नेतृत्वको आचरणगत कमजोरीको फाइदा उठाएर आर्थिक रकम प्राप्त गरिसकेपछि पनि थप क्षतिपूर्तिका लागि समानुपातिक सांसदमा राख्नुपर्ने वाचाबन्धनहरू र आफ्नो शेखीपछि पनि अर्को पुस्तालाई राजनीतिक परिदृश्यमा देखिरहन चाहने तरमारा वर्गको अभिलाषाकै कारण समानुपातिक पदको गरिमाको धज्जी उडाइएको छ । तसर्थ, डि-जुरे अर्थात् विधिवत् रूपमा सीमान्तकृत वर्गलाई प्रतिनिधित्व गराउनुपर्ने समानुपातिक प्रणालीको दर्शन विपरीत डि-फ्याक्टो अर्थात् यथार्थमा तरमारा प्रवृत्ति नै हाबी हुनुको कारण राजनीतिक पार्टीहरूले तयार पार्ने बन्दसूची आफैंमा स्वार्थले भरिएको सहमतिको सम्झौतापत्रका रूपमा तयार हुन्छ । चाहे पहिलो अवस्था सामाजिक तत्त्वमीमांसीय अज्ञानताका कारण नजानेर हुन गएको होस् वा दोस्रो अवस्था जानीबुझीकन शक्तिको आडमा मिचेर जाने प्रवृत्ति नै किन नहोस्, दुवै अवस्थाले बृहत्तर समाजको सुखानुभूतिको बेवास्ता गर्दै समतामूलक र प्लेटोले अर्थ्याएझैं आदर्श समाज निर्माणको यात्रामा घात गरिरहेका हुन्छन् । **कल्कवर्क अरेन्ज सिन्ड्रोम** चर्चित निर्देशक स्ट्यान्ले कुब्रिकको चलचित्र 'कल्कवर्क अरेन्ज' को नियतिमा नेपालका राजनीतिक वृत्तका अधिकांश शीर्ष नेतृत्व पुग्नु टीठलाग्दो परिस्थिति हो । कुब्रिकको त्यस चलचित्रमा एलेक्स नामको मुख्य पात्रले एक सन्दर्भमा एउटी महिलालाई बलात्कार गर्छ र अर्को सन्दर्भमा अर्की महिलालाई बलात्कृत हुनबाट जोगाउँछ । आसेपासेवाद र नातावादविरुद्ध आजीवन संघर्ष गरेका पुराना पार्टीले जेन-जी आन्दोलनको मर्मलाई समेत तिलाञ्जली दिएर समानुपातिक प्रणालीमा सकेसम्म तरमारालाई नै पक्षपोषित गराउने कुसंस्कारको पुनरावृत्ति गरेका छन् ।साभार ईकान्तिपुर ।

### जेन-जीहरूको...............

भएन । यो कुनै कुण्ठा वा गुनासो मात्रै होइन, चेतावनी हो । जेन-जीको नाम भजाएर वा भावनाको व्यापार गरेर वा जुनसुकै दलको जुनसुकै सिट र पद ओगटेका ती अनुहार हामीले बिर्सेका छैनौं । सडकको आन्दोलनलाई आफ्नो व्यक्तिगत करिअर बनाउने र सहिदको रगतमाथि टेकेर सत्ताको विलासिता उपभोग गर्नेहरूलाई यो पुस्ताले माफी दिने छैन । समय बलवान् छ र इतिहास निर्मम हुन्छ । जेन-जीको आन्दोलन अहिले केही सुस्ताएको वा दिशाहीन जस्तो देखिएला, तर यो मरेको छैन । खरानीभित्रको आगोझैं यो अझै जीवित छ । जसले आज अवसरवादको बाटो रोजेका छन् र वर्ग उत्थानका लागि आन्दोलन बेचेका छन्, याद गर्नुहोस्- भोलिको इतिहासले तिनीहरूसँग एक-एक हिसाब माग्नेछ । हामीले लडेको लडाइँ अधुरो छ, तर अन्त्य भएको छैन । अबको हाम्रो बाटो हुनेछ– निर्मम समीक्षासहितको संगठित र वैचारिक यात्रा । साभार ईकान्तिपुर

### पर्साका नेताहरू...........

पर्सामा सबैभन्दा बढी टिकट आकांक्षी देखिएको पार्टीका रूपमा रास्वपा अगाडि आएको छ । नेपाली राजनीतिमा सिद्धान्तभन्दा जितलाई प्राथमिकता दिने प्रवृत्ति हावी हुँदा नेता-कार्यकर्ता पार्टी परिवर्तन गरेर भए पनि टिकट सुनिश्चित गर्न मरिहत्ते गरिरहेका छन् । पर्साका धेरै नेताहरू 'दुई नावमा सवार' देखिएका छन्– एउटामा डुब्ने संकेत देखिए अर्कोमा आफू सुरक्षित रहेको दाबी गर्ने रणनीतिसहित । जेन-जी आन्दोलनपछि उत्साहित युवा नेताहरूको अवस्था 'पनि पर्सामा सन्तोषजनक देखिएको छैन । उम्मेदवार बन्ने आकांक्षी धेरै भए पनि पार्टीभित्रै टिकट सुनिश्चित गर्ने अवस्था कमजोर रहेको जानकारहरू बताउँछन् ।

### महोत्तरी-३ बाट.........

शाहको पैत्रिक गाउँ समेत महोत्तरी क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने एकडारा गाउँपालिका भएकाले यस क्षेत्रका जनताले आफ्नै पुर्खौली भूमिबाट निर्वाचन लड्न आग्रह गरिरहेको कुरा उनले बालेनलाई जानकारी गराएका थिए ।

झापाबाट बालेन शाह निर्वाचन लड्ने चर्चा भइरहेको छ ।

# स्वास्थ्य

## हाते लेखनदेखि डिजिटल स्तम्भसम्म



कुरा त धेरै पुरानो होइन । तर, यादहरू पुराना भइसके । किनभने त्यसबेलाका धेरै कुरा यतिबेला एकादेशको कथा झैं भइसकेको छ । आज एआईको युगमा हुर्किरहेका बालबच्चालाई ' हामी अर्काको घरमा लुकीछिपी टिभी हेर्न जान्थ्यौं' भन्दा दन्तेकथा लाग्न सक्छ । यस्ता थुप्रै कुरा र जीवन भोगाइ छन्, जो आजको पुस्तालाई ' होइन होला हो' जस्तो लाग्न सक्छ । २०६२ सालतिरको कुरा हो । त्यसबेला म काठमाडौंको तीनकुने नजिक बसेर मेडिकल अध्ययन गर्दै थिएँ । मेरो डेरानजिक कान्तिपुर पब्लिकेसको भवन थियो । बिहानबेलुकी अस्पतालमै ड्युटी र पढाइ । बेलुकाको थकान र झ्यालबाट देखिने शहरको उज्यालो । सादा कापी, निलोकालो मसी भएको कलम, केही सपनाहरू र केही गज्याङमज्याङ शब्दहरू, यस्तै केही साथ थिए मेरा ।
एमबीबीएसको सातौं सेमेस्टरमा थिएँ । रोगका नाम, रोग पत्ता लगाउनुपर्ने तरिका र औषधिका नामहरू सम्झनुपर्ने हुन्थ्यो । पत्रपत्रिका पढ्थे । तर लेख्न जानेको थिइनँ । शरीरलाई बचाउने तरिका पढ्थें, तर भित्र कतै म आफैंलाई बचाउने उपाय खोजिरहेको थिएँ । म मनको शल्यक्रिया गरिरहेको थिएँ । त्यो मन जसलाई समाजको पिरती, स्वास्थ्यको पीडा र पत्रिकाको पानामा केही फरक भएर उपस्थित हुने रहरले तानिरहेको थियो । त्यसबेला कान्तिपुरको 'साप्ताहिक' निकै प्रचलित थियो । हरेक शुक्रबार प्रकाशित हुने साप्ताहिकमा युवापुस्तालाई रुचाउने खालका सामग्रीहरू हुन्थे । कला मनोरञ्जनदेखि राशिफल, खेलकुद, स्वास्थ्य सल्लाह सबै समेटिएका हुन्थे । एकदिन पत्रकार जिन्तेन्द्र शाहमार्फत म त्यो अखाबरको कार्यलयमा छिरें । अनि मैले पनि एउटा लेख तयार गरें, अश्रुग्यास सम्बन्धी । मेरो नाम पहिलो पटक पत्रिकामा छापिएको थियो । म खुसीले ज्यास्तै गदगद भएँ । रातभर निद्रा लागेन ।
भोलिपल्ट अस्पतालमा बिहानै राउण्ड थियो, तर आँखाभित्र कागजका अक्षरहरू नाचिरहे- मेरा आफ्नै शब्दहरू । हातमा छापिएको पत्रिका समाउँदा यस्तो लाग्यो– मात्र लेख होइन, सपनै छापिएको हो ।
त्यो समय मोबाइल घर-घरमा थिएनन् । ई-पेपरको जमाना अझै टाढै थियो । त्यसैले पत्रिका नै पढिन्थ्यो । सायद गनेको भए ५० पटक मैले आफ्नै लेख पढें होला । र त्यो कटिङ आजसम्म सुरक्षित छ ।
जितेन्द्रजीले फोन गरेर बधाई दिनुभयो । बागबजारमा आन्दोलन कभरेज गरिरहेका सुरज कुँवर, जसले अश्रुग्यासको समाचार लेखेका थिए, उनी र घनश्याम खड्कासँग पनि चिनजान भयो । साहित्यिक गफ, सामाजिक प्रश्न, र लेखकै माध्यमबाट जोडिएको मित्रताको आरम्भ भयो । त्यो एउटा लेखले प्रा. डा. हेमन्त दिक्षित सरले आफैँ बोलाएर मलाई बधाई दिनुभयो । डा. दिक्षित त्यसबेला काठमाडौं मेडिकल कलेजका प्रिन्सिपल थिए अनि म विद्यार्थी । अनि जितेन्द्रजीले नै मलाई साप्ताहिकका सम्पादक सुवास ढकालसँग भेट गराइदिनुभयो । त्यसपछि म पत्रिकाको कार्यलयमा नियमितजसो जान थालें । त्यसमा मलाई स्वास्थ्य सम्बन्धी लेखका लागि छुटै स्तम्भ नै दिइयो । त्यहाँ अग्रजहरु मुकुन्द बोगटी, आश्विनी कोइराला, कृष्ण भट्टराई, विदुर खतिवडा, सुब्रत आचार्यसँग संगत बढ्दै गयो । मेरा लेखहरुमा रोग चिनाउने, रोगबाट बचाउने र सावधानीका उपायहरू हुन्थ्यो । तर चिकित्सकीय भाषमा होइन समान्य भाषामा, सबैले बुझ्ने शैलीमा । म डाक्टर बनिसकेको थिएनँ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# कांग्रेसको आधिकारिता विवादबारे छलफलमा जुट्यो निर्वाचन आयोग



**काठमाडौं,०१ माघ ।** नेपाली कांग्रेसको आधिकारिताको विवादबारे निर्वाचन आयोग अनौपचारिक छलफलमा जुटेको छ । विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन थापा नेतृत्वले दलको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ । उनीहरूले विशेष महाधिवेशनबाट भएको निर्णय र चयन भएको कार्यसमितिअनुसार दलको विवरण अद्यावधिकका लागि निवेदन दिएका हुन् । यसअघि नै १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले विधेयश महाधिवेशनसम्बन्धी कुनै कार्यक्रम नरहेको भनेर निवेदन दिइसकेको छ । यो अवस्थामा आयोग के गर्ने भनेर अनौपचारिक छलफलमा जुटेको हो । गत राति सम्पन्न विशेष महाधिवेशनले गगन थापालाई सभापति चयन गरेको छ । तर, १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले गगन थापा, विश्वप्रकाश शर्मा र फरमुल्लाह मन्सुरलाई पाँच वर्षका लागि निस्कासन गर्ने निर्णय गरेका छन् । दुवै पक्षले पार्टीको आधिकारिता आफूसँग रहेको दाबी गरेका छन् । यो अवस्थामा आयोगले कांग्रेसको विधान, विगतका नजिर, सम्बन्धित अन्य ऐनलाई एक ठाउँमा राखेर अध्ययन सुरु गरेको हो । यसअघि पनि आयोगले यो विषयमा छलफल गरेको छ । निवेदन नै पुगेपछि प्रमुख आयुक्त रामप्रसाद भण्डारीसहित आयोगका अन्य आयुक्त र कर्मचारीहरू अनौपचारिक छलफलमा जुटेका हुन् । २१ फागुनका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तगर्त समानुपातिक तर्फको मनोनयन भइसकेको छ । प्रत्यक्षतर्फको मनोनयन यही माघ ६ गतेका लागि छ । विशेष महाधिवेशनले निर्वाचित गरेको गगन थापाको उम्मेदवारको मनोनयन पत्रमा हस्ताक्षर गर्ने गरी आयोगमा निवेदन दिइएको छ । यसअघि शेरबहादुर देउवाले मनोनयन पत्रमा हस्ताक्षर गर्ने अधिकार पाएका थिए । यसकारण पनि कांग्रेसको आधिकारिताको विषयमा निर्वाचन आयोगले केही दिन भित्रै निर्णय दिनुपर्छ । विशेष महाधिवेशनबाट निर्वाचित भएकाहरूले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अध्यावधिक गर्न आयोगमा निवेदन दिएका हुन् । जहाँ दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेरको जानकारी निर्वाचन आयोगलाई दिनुपर्ने भनिएको छ ।

तर, १४ औं महाधिवेशनबाट निर्वाचित शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशन नै भएको छैन भनेर दाबी गरेको छ । यस्तो अवस्थामा आयोगले प्राप्त विवरण अध्ययन गर्ने कुन प्रक्रियाबाट लविवाद निरुपण गर्ने भनेर अनौपचारिक छलफल सुरु गरेको हो ।

# मधेस प्रदेशबाट परिवर्तनको यात्रा शुभारम्भ हुन्छः रास्वपा




**जनकपुर,०१ माघ ।** राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झाले मधेस प्रदेशबाट परिवर्तनको यात्रा शुभारम्भ हुने बताएका छन् । बिहीबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उलले यस्तो बताएका हुन् । उनले माघ ५ गते जनकपुरधामबाट राजनीतिक सभा सुरु हुने बताए । त्यसको व्यवस्थाबारे अहिले तयारी भइरहेको बताए । पार्टीका सभापति रवि लामिछाने र पार्टीका नेता बालेन्द्र साहले उक्त सभालाई सम्बोधन गर्नुहुने जानकारी दिए । उनले भने, 'माघ ५ गते जनकपुरमा सभा आयोजना गर्ने घोषण गरेका छौं । व्यवस्थापनबारे पनि तयारी भइरहेको छ । यस पटक पार्टीका सभापति रवि लामिछाने र आगामी निर्वाचनबाट भावी प्रधानमन्त्रीको रुपमा अघि बढाएर जाने प्रस्ताव राखेका बालेन्द्र साह सम्मिलित पहिलोपटक राजनीतिकसभा हुँदैछ ।' रास्वपाले बालेन्द्र साहलाई पार्टीको तर्फबाट भावी प्रधानमन्त्री बनाउने प्रश्तावसहित निर्वाचनमा जाने निर्णय गरिसकेको छ

# जनकपुरधाममा टिपरको ठक्करबाट एकको मृत्यु, एक महिला गम्भीर घाइते

**जनकपुर,०१ माघ ।** जनकपुरधामका दुई छुट्टाछुट्टै स्थानमा टिपरले ठक्कर दिँदा एक वृद्धको मृत्यु भएको छ भने एक महिला गम्भीर घाइते भएकी छन् । आज जनकपुरधामको शुभचोकमा ना८ख ८२५७ नम्बरको टिपरले ज७प २८३७ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा धनुषाको क्षिलेश्वनाथ नगरपालिका रमदैयाभवाडीका ७५ वर्षीय राजकिशोर यादवको घटनास्थलमै मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख रुगमबहादुर कुँवरका अनुसार तीव्र गतिका कारण उक्त दुर्घटना भएको हो । त्यस्तै, जनकपुरधामकै रामानन्द चोकमा प्रदेश २-००३१ क ०७७५ नम्बरको टिपरले साइकललाई ठक्कर दिँदा मिथिला बिहारी नगरपालिका-७ की ३० वर्षीया नितु साह गम्भीर घाइते भएकी छन् । उनको जनकपुरमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौं पठाइएको प्रहरी प्रवक्ता गणेशबहादुर बमले जानकारी दिएका छन् । जनकपुरधाम उपमहानगरपालिकाभित्र ठूला र भारी सवारीसाधनको अव्यवस्थित सञ्चालनका कारण पछिल्लो समय दुर्घटनाको जोखिम निकै बढ्दै गएको छ । बजार क्षेत्रमा समय र रुट निर्धारण नगरी टिपर, ट्रक र बस जस्ता सवारीसाधन चल्दा सर्वसाधारणको जनजीवन असुरक्षित बनेको छ ।

दुर्घटनापछि आक्रोशित स्थानीयले टिपरमा तोडफोड गर्नुका साथै आगजनीको प्रयास समेत गरेका थिए । प्रहरीले स्थिति नियन्त्रणमा लिई मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल पठाएको छ भने दुवै घटनामा संलग्न टिपर र चालकलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ ।

# निर्वाचन प्रहरीमा आवेदन दिने अन्तिम दिन केही जिल्लामा समय थप



**काठमाडौ,०१ माघ ।** फागुन २१ मा हुने निर्वाचनको लागि परिचालन गर्ने निर्वाचन प्रहरीको लागि आज अन्तिम दिन आवेदन लिइँदैछ । प्रहरी प्रधान कार्यालयले प्रकाशन गरेको सूचना अनुसार बिहीबार साँझ ५ बजेसम्म आवेदन लिने भनिए पनि केही जिल्लामा आवेदन समय बिस्तार गरिएको छ । जिल्ला प्रशासन कार्यालय कास्की र स्याङ्जाले थप दुई दिन आवेदन लिने समय थप गरेर सूचना प्रकाशन गरेका छन् । जिल्ला प्रशासन कार्यालय कास्कीका अनुसार कास्की जिल्लालाई आवश्यक पर्नेभन्दा कम आवेदन परेको हुनाले गृह मन्त्रालयको निर्देशन अनुसार माघ ३ गतेसम्म आवेदन लिने समय थप गरिएको छ । त्यस्तै, निर्वाचन प्रहरीमा आवेदन दिने समय २ दिन थप गरिएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका इन्स्पेक्टर कमल नेपालीले जानकारी दिए । प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार अहिलेसम्म १ लाख ६० हजारले निर्वाचन प्रहरीमा भर्नाको लागि आवेदन दिएका छन् । रातोपाटीसँग कुरा गर्दै काफ्लेले भने- 'आज पनि आवेदन दिने क्रम चलिरहेको छ, हामीले २ लाख बढी आवेदन पर्ने आकलन गरेका छौं ।' प्रहरीले १ लाख ३३ हजार ९८० जना र सशस्त्रले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना लिँदैछ ।

# बैंकका कर्मचारी कुटपिट प्रकरण : उपप्रमुखसहितका चार जना अझै फरार




**जनकपुर,०१ माघ ।** ज्योति विकास बैंकका दुई कर्मचारीमाथि अमानवीय व्यवहार गरेका सप्तरीको सप्तकोशी नगरपालिकाकी उपप्रमुख रिताकुमारी चौधरीसहितका चार जना अझै फरार छन् ।

गत मंसिर २४ मा ऋणीसँग सम्वाद गर्न बैंकका प्रादेशिक कार्यालयका उपप्रबन्धक (कर्जा असुली प्रमुख) सुमित श्रेष्ठ र रुपनी शाखाका कर्जा असुली अधिकृत सविन श्रेष्ठ सोही नगरपालिका-७ ओद्राहास्थित सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रालिमा पुगेका थिए ।

प्रालिका सेयरधनी सञ्जीवकुमार चौधरीकी श्रीमतीसमेत रहेकी उपमेयर चौधरीसहितकाले उनीहरुलाई मोसो दलेर जुत्ताको माला लगाइ कुटपिट गरेका गरेका थिए । अमानवीय व्यवहार र कुटपिट गरेको भिडियो सामाजिक सञ्जालमा बाहिरिएपछि बैंकले दिएको जाहेरीका आधारमा गत मंसिर २५ मा उपप्रमुख चौधरीका श्रीमान् ५२ वर्षका सञ्जीवकुमार र अग्निसाइर कृष्णसवरण गाउँपालिका-१ का ४७ वर्षका उमाकान्त चौधरीलाई पक्राउ गरिएको थियो ।

गत शुक्रबार सप्तरी जिल्ला अदालतमा पेस गरिएका दुवै जना २५/२५ हजार रुपैयाँ धरौटी तिरेर रिहा भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका डीएसपी माधवप्रसाद काफ्लेले बताए । 'उपप्रमुख चौधरीसहितका अन्य आरोपित फरार छन्,' उनले भने, 'खोजी कार्य भइरहेको छ ।' उनका अनुसार उपप्रमुखसहित उनका छोरा सिरजकुमार, सेयरधनीहरू प्रभुनारायण चौधरी र पञ्चदेव चौधरी फरार छन् ।

# महोत्तरी-३ बाट चुनाव लड्न बालेन शाहलाई रास्वपाका कार्यकर्ताको निम्तो



**काठमाडौं,०१ माघ ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) महोत्तरीका कार्यकर्ता तथा युवा समाजका अगुवाहरूले महोत्तरी क्षेत्र नम्बर ३ बाट निर्वाचनमा उम्मेदवारी दिन बालेन शाहलाई निम्तो दिएका छन् । अनिल पाण्डे, विजय विनीत पाण्डे लगायत दर्जनौं व्यक्तिहरूले बालेन शाहलाई भेटेर चुनाव लड्न आग्रह गरेका हुन् । काठमाडौँस्थित ज्वागलमा रहेका कुमार व्यञ्जनकारको निवासमा बालेन शाहसँग भेट गरी आफूहरुले उक्त निम्तो दिएको पाण्डेले बताए । भेटका क्रममा करिब एक घण्टा लामो छलफल भएको थियो । पाण्डेले छलफलका क्रममा महोत्तरी क्षेत्र नम्बर ३ को वस्तुस्थिति जानकारी गराउँदै सो क्षेत्रले बालेन शाहलाई खोजेको बताए । बालेन

बाँकी तेश्रो पृष्ठमा⇨

# जसपा नेपालको केन्द्रीय समन्वय समिति बैठक सुरु

**काठमाडौ,०१ माघ ।** जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच एकीकरण भएपश्चात गठन गरिएको ४८ सदस्यीय केन्द्रीय समन्वय समितिको पहिलो बैठक सुरु भएको छ । पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा केहीबेरदेखि बैठक चलिरहेको हो । पार्टीका संरक्षक महन्थ ठाकुर, अध्यक्ष उपेन्द्र यादवसहित केन्द्रीय समन्वय समितिका सदस्यहरूको उपस्थिति छ । बैठकमा पार्टी एकीकरणपछिको सांगठनिक संरचना, समन्वय, भावी कार्यदिशा तथा समसामयिक राजनीतिक गतिविधिबारे छलफल भइरहेको छ । विशेषगरी यही माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचन र फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनसम्बन्धी विषयमा केन्द्रित रहेर छलफल सुरु गरिएको छ । निर्वाचनमा पार्टीको रणनीति, उम्मेदवार चयन र व्यवस्थापन तथा गठबन्धनसम्बन्धी एजेन्डाहरूमा विचार-विमर्श भैरहेको जनाइएको छ । बैठकमा एजेन्डागत रुपमा नेताहरुले आ-आफ्नो सुझावसहित विचार राख्ने क्रम जारी छ ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा